

# ११ येशूको कथा अरुलाई सुनाउने अवसर

<u>*यस अध्यायका मूल पदहरू:*</u> एफिसी २:१-१०, १ यूहन्ना ४:७-११, मर्कूस ५:१-२०, हिब्रू १०:१९-२०, गलाती २:२० र १ कोरन्थी १:२०।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"तिमीहरू जसले परमेश्वरको पुत्रलाई विश्वास गर्छौं अर्थात् उहाँमा आस्था राख्छौ तिमीहरूको निम्ति यी कुराहरू मैले लेखेको छु ताकि तिमीहरूमा अनन्त जीवन छ भनेर तिमीहरूले थाहा पाउन् र परमेश्वरको पुत्रमाथि निरन्तररूपमा तिमीहरूले विश्वास गर्न सकोस्"** (१ यूहन्ना ५:१३ रूपान्तरित)।

येशूको बारेमा अरूलाई सुनाउनुपर्दा परिवर्तन भएको जीवन जस्तो प्रभावकारी गवाही वा परमेश्वरको वचनले मूर्तरूप दिएको अर्थात् व्यवहारमा उतारिएको गवाही भन्दा अरू तरिका छैन अघाडिको पाठमा उल्लेख गरिएको छ। तपाईंसँग भएको धर्मशास्त्र र विभिन्न उल्लेखनीय दर्शनहरूको बारेमा तर्क गर्दा अरूले सराहना गर्ला। तपाईंको शिक्षा वा विश्वासका सिद्धान्तहरूमा बादबिवाद गर्ला। तपाईंमा भएको धर्मशास्त्र बाइबलको ज्ञानप्रति तिनीहरूले प्रश्न उठाउला, तर तपाईंको जीवनमा येशूले के गर्नुभयो र तपाईंको निम्ति उहाँ के हुनुभएको छ सो सुनाउँदा कसैले हतपत प्रश्न गर्दैन वा विवाद गर्दैन।

गवाही दिनु भनेकै येशूको बारेमा हामीलाई के थाहा छ सो अरूलाई थाहा दिनु हो। उहाँ हाम्रो निम्ति के हुनुहुन्छ र उहाँले हामीलाई के गर्नुभयो सो अरूलाई सुनाएर थाहा दिनु हो। यदि हामीले सुसमाचार प्रचार गर्नेको नाउँमा वा गवाही दिने क्रममा हामीले विश्वास गरेकोमात्रै ठीक छ र अरू ठीक छैन वा झुट्टा भनेर जिकिर गरिरह्यौं भने अरूले हाम्रो घोर विरोध गर्ने वातावरण बनाइ दिन्छ। यदि येशूको प्रेमको मोहमा छौं, उहाँको सत्यताले

गर्दा चकित भएका छौं र उहाँको अनुग्रहले हामी परिवर्तन भएका छौं भनेर हृदयदेखि उहाँको गवाही दियौं भने सत्यले हाम्रो जीवनमा कस्तो प्रभाव पारेको रहेछ भनेर अरूले प्रत्यक्षरूपमा देख्न सक्दछ र प्रभावित हुन सक्दछ। यदि परिवर्तन भएको जीवनले सत्यको बारेमा प्रस्तुत गर्न सक्यौं भने अरूको जीवनमा कुनै न कुनै छाप नपर्ला भन्न सकिन्दैन।

जब हामीले अरूहरूलाई धर्मशास्त्र बाइबलको बारेमा सिकाउँदा हामीले सिकाएको शिक्षामा र बाइबलको प्रत्येक शिक्षामा येशूलाई केन्द्रविन्दु बनाएर उहाँको चरित्रलाई प्रतिविम्बित गर्न सक्यौं भने उहाँको वचनलाई ग्रहण गर्न वा सम्मान गर्न वढि सम्भावना हुन्छ।

## १. येशूः हाम्रो गवाहीको आधार, मूल विषयबस्तु वा जग

येशूभक्त भएको हैशियतले हामी सबैसँग व्यक्तिगत कथा हुन्छ। येशूले हाम्रो जीवन कसरी परिवर्तन गर्नुभयो र उहाँले हामीलाई के गर्नुभयो सो बताउने कुराहरू हामीमा धेरै हुन्छ।

**येशूको समिपमा आउनुभन्दा अघि वा उहाँलाई चिन्नुभन्दा अघि हाम्रो जीवन कस्तो थियो भनेर एफिसी २:१-१०मा केहि हदमा हाम्रो यथार्थ चित्रण कोरेको पाइन्छ। येशूलाई विश्वास गर्न पुगेपछि हाम्रो जीवन कस्तो भयो भनेर हामी प्रत्येकले महसुस गर्न सक्छौं। हेर्नुहोस्, "१ तिमीहरू आफ्ना *अपराध र पापहरूद्वारा मरेको* बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ *यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ*। ३ *तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं*। ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ *यसकारण पापमा हामी मरेका भए*तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू**

**आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ *कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ*। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"**

**अ. येशूलाई चिन्नुभन्दा पहिले हामी कस्ता थियौं (एफिसी २:१-३)----------**

**आ. येशूलाई चिनेपछि हामी के भयौं (एफिसी २:४-१०)------------------**

कस्तो चकित पार्ने परिवर्तन! येशूलाई चिन्नुभन्दा पहिले हामी "हाम्रा पाप र अधर्मको मुर्दा भएका" "यस संसारको चालामा हिंडिरहेको" "शारीरिक चाहना वा कामवाशनामा हिंडिरहेका" र "स्वभावैले क्रोधका सन्तान" भएका छौं रे! (रूपान्तरित)। सरल भाषामा भन्ने हो भने येशूलाई चिन्नुभन्दा पहिले हामी लक्ष्यहिन, गति हिन, आशाहिन र अर्थहिन जीवन बिताइरहेका हुन्छौं। त्यसले गर्दा हाम्रो जीवन बेकारको वा बाँच्न व्यर्थको जीवनमा भौंतारिरहेका हुन्छौं।

हामी धनसम्पत्ति, प्रतिष्ठा, मानमर्यादा, सुखी र खुशियाली जीवन बिताइहेका हौंला तर हाम्रो अन्तिरआत्माले वा अन्तर्विवेकले हामीमा केही न केही कमजोरी भएको वा लक्ष्य पूरा नभएको अनुभवले हामीलाई घचघचाइरहेको हुन्छ। तर जब हामी येशूको समिपमा आउँछौं र उहाँको प्रेमको अनुभव गर्छौं तब हाम्रो सोचाइ र हृदयका आवाजहरूमा परिवर्तन भएको महसुस गर्न पुगेका हुन्छौं। जब हामी येशूकहाँ आउँछौं र उहाँको प्रेमको अनुभव गर्दछौं तब हाम्रो जीवनले नयाँ मोड लिन्दछ। येशू ख्रीष्टमा हामी सचमुचमा "जीवित हुन्छौं।" येशू बिनाको जीवन खालि भएकोले उहाँमा हामी भरिपूर्ण जीवन बिताउँछौं। उहाँको अनुग्रहको अत्यन्तै ठूलो भन्डारबाट उहाँको करुणा र सदाशयता उपलब्ध गराइएकोले त्यसद्वारा हामीले मुक्तिको उपहार पाउँछौं। येशू ख्रीष्टसँगै स्वर्गको उच्च स्थानहरू बस्न हामीलाई उचाल्नु भएको छ र बसाल्नुभएको छ "ताकि **योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो" (रूपान्तरित)**। येशू ख्रीष्टमा हाम्रो जीवन नयाँ अर्थ हुनपुगेको छ। हाम्रो लक्ष्य नयाँ हुन्छ। युहन्नाले यो घोषणा गर्दछ "उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको निम्ति ज्योति थियो (यूहन्ना १:४ रूपान्तरित) अर्थात उहाँबिनाको जीवन अन्धकारको जीवन हो।

**येशूलाई विश्वास गऱ्यो र उहाँले सबै थोक जुटाउनुहुन्छ भन्दैमा हात बाँधेर नबस्न बाइबलको नीतिलाई एफिसी २:१०ले कसरी बताउँछ? असल कामले हामीमा येशूप्रतिको अगाढ आस्था छ भनेर त्यस पदले कसरी देखाउँछ? पावलले नै भनेको "व्यवस्था पालन गरेर मुक्ति पाइन्दैन" (रोमी ३:२८) सन्दर्भमा मुक्ति पाउनको निम्ति होइन त असल काम गर्नुपर्छ भनेर कसरी बुझ्ने? हेर्नुहोस् " किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" (एफिसी २:१०)।**
**येशू ख्रीष्टले गर्दा के तपाईंको जीवन परिवर्तन भएको छ? के त्यो परिवर्तनले कसैलाई येशूको आत्मज्ञानमा आउन सहयोग मिलेको छ?**

## २. जीवन परिवर्तन गर्ने व्यक्तिगत गवाहीको शक्ति वा प्रभाव

जब्दियाका छोराहरू यूहन्ना र याकूबको मिजास यस्तो रिसाहा थियो कि तिनीहरू "बज्रका सन्तान" भन्ने नाउँले चिनिएको थियो। अझ साँच्चैं भनौं भने यो उपनामा येशूले नै दिनुभएको थियो। तिनीहरू झट्टै रिसाउने बानी थियो। तिनीहरूको रिसाहा वा आगो भएको बानीको चित्रण एउटा घट्नाले दिन्छ। एक दिन येशू र उहाँका चेलाहरू सामरिया क्षेत्र भएर यात्रा गर्दै थिए। रात परिसेको थियो। निनीहरूले राती बास बस्न ठाउँ खोजे। सामरीहरू यहुदीहरूप्रति पूर्वाग्रह भएकोले येशू र उहाँका चेलाहरूको त्यस क्षेत्रमा भएको उपस्थितिप्रति बिरोध गर्दै तिनीहरूले आपत्ती जनाए। तिनीहरूको क्षेत्रमा येशू र उहाँका चेलाहरूलाई रात कटाउन एउटा थोत्रो छाप्रो पनि तिनीहरूले दिएन।

रिसले चुर भएको यूहन्ना र याकूलले त्यस समस्याको समाधान आफूहरूले देखेको सोचे। "उहाँका चेलाहरू याकूब र यूहन्ना उहाँकहाँ आए र भने 'हे प्रभु, के यो सामरी गाउँलाई नाश गर्न एलियाले जस्तै स्वर्गबाट आगो पठाउन हामी आदेश देऔ त?" (लूका ९:५४ रूपान्तरित)। "तिमीहरू कस्तो रिसाएको हो" भनेर येशूले ती दाजुभाइलाई हप्काउनुभयो र तिनीहरू चुपचाप त्यो गाउँ छोडेर गए। येशूको नीति प्रेमको नीति हो, फाइँफुट्टी लगाउने, प्रतिस्पर्धा गर्ने, आफ्नो भाऊ खोज्ने र लडाइँ गर्ने होइन।

समय बित्दै जाँदा जब ती चेलाहरूले येशूको प्रेममा रहनसहन गर्न थाले तब तिनीहरूको झट्टै रिसाउने बानीमा परिवर्तन भएर तिनीहरूमा प्रेम र

दयाले भर्न पुगेको थियो। तिनीहरूको हृदयमा करुणा, शिष्ट र भद्र मिजासले ओगटेको थियो। यूहन्नाले लेखेको पत्रमा मात्रै *प्रेम* भन्ने शब्द ४० पटक उल्लेख गरिएको छ भने विभिन्न शैलीमा ५० पटक देखाइएको छ।

झट्टै रिसाउने र बज्रको छोरा भनेर कहलाइएको यूहन्ना जब येशूसँग उठबस गरे तब उनमा कस्तो भारि परिवर्तन आयो भनेर देहायका पदहरूमा दिइएको उनको गवाहीले कसरी देखाउँछ? हेर्नुहोस्, १ यूहन्ना १:१-४ " १ जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेर्‍यौं र हाम्रा हातले छोयौं, २ त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो। ३ हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँछौं, ताकि हामीहरूसँग तिमीहरूको सङ्गति होस्। हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। ४ हामी यी कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस्।", १ यूहन्ना ३:१ " हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन।", १ यूहन्ना ४:७-१६ " ७ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। ८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। ९ परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्वारा हामी जिउन सकौं। १० प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो। ११ प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ। १२ परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एउटाले अर्कोलाई प्रेम गर्‍यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ। १३ उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ, र यसैकारणले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ। १४ हामीले देखेका छौं, र गवाही दिन्छौं, कि पिताले आफ्ना पुत्रलाई संसारका मुक्तिदाता हुन पठाउनुभएको

**छ। १५ जसले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्वीकार गर्छ, त्यसमा परमेश्वर वास गर्नुहुन्छ, र त्योचाहिँ परमेश्वरमा। १६ यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ।" र १ यूहन्ना ५:१-५ " १ येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरको बालक हो। जसले बाबुलाई प्रेम गर्छ उसले तिनको छोरालाई पनि प्रेम गर्छ। २ जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं। ३ परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। ४ किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो। ५ संसारमाथि विजय प्राप्त गर्ने को हो? त्यही हो, जसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ।"**

सारा जगतको एउटा अनन्तको नीति छ। यो नीतिलाई एलेन जी ह्वाइटले आफ्ना शब्दहरूमा यसरी व्याख्या गर्छिन् "बल, धम्की वा करकाप गर्ने नीति परमेश्वरको शासनको नीतिको उल्टो हो। प्रेमले मात्र उहाँको सेवा गरुन् भन्ने उहाँ चाहनुहुन्छ, र प्रेम आदेश दिएर उब्जिन्दैन, बलजफ्ती वा हैकमबाद चलाएर कसैको हृदयमा प्रेम उमार्न सक्दैन। केवल प्रेमलेमात्र प्रेमलाई जगाउन सकिन्छ।"-डिजाएर अभ एजेज, पृ. २२बाट रूपान्तरित।

जब हामी येशूमा समर्पित जीवन बिताउँछौं तब उहाँको प्रेम हामीद्वारा अरूमा चम्किन थाल्छ। इसाई जगतको सबभन्दा ठूलो गवाही भनेकै परिवर्तित वा कायापलट भएको जीवन हो। यसको अर्थ, यो होइन कि हामी कहिल्यै पनि भूल गर्दैनौं वा गलत काम गर्दैनौं। अझ कतिपय समयमा हामीमा हुनुपर्ने प्रेम र अनुग्रह सेलाएको अनुभव गर्नसक्छौं। तर हामीमा भएको कमिकमजोरिको बाबजुद पनि यदि हामी येशूको प्रेममा रहने बानी छ भने हाम्रो जीवनबाट प्रेम अरूमा बगाउन सक्छौं र हाम्रा वरिपरिरहेका जो भएतापनि वा हाम्रो सम्पर्कमा आउने जो भएतापनि तिनीहरूको निम्ति हामी अभिशाप होइन आशिषको स्रोत हुनसक्छौं। यो नै येशूभक्तको उच्च आदर्श नीति हो।

**तपाईंको हाऊभाऊ, स्वभावले अरूहरूलाई येशूको प्रेमलाई कसरी प्रतिबिम्बित गराउन सक्नुभएको छ? यस प्रश्नको जवाफमा के तथ्यहरू निस्कन सक्छन्?**

## ३. येशूको कथा सुनाउनु

सुसमाचार प्रचार गर्न प्रथम प्रचारकहरू येशूले कसलाई पठाउनुभएको थियो? तिनीहरूमा येशूका चेलाहरू थिएनन्। तिनीहरू न त धेरै समयसम्म येशूको पछि पछि लाग्नेहरू र उहाँका वचनहरू सुनेर पचाउन सक्नेहरू थिएनन्। तर तिनीहरूमा ती बहुला र दुष्ट आत्माले सताइएकाहरू थिए जो येशूलाई भेट्न केही घन्टा अघिमात्र गाउँका परिसरमा सबैलाई आतङ्कित बनाइरहेका थिए र छिमेकी गाउँहरूका मानिसहरूलाई त्रसित बनाइरहेका थिए।

ती बहुला मानिसहरूलाई गाउँलेहरू मिलेर सिक्रिले बाँध्दथे तर जब एक जनामा दुष्ट आत्मा आउँथ्यो तब उसमा अत्यन्तै ठूलो बल आउँथ्यो र आफूलाई बाँधेको सिक्री चुँडाल्थ्यो र सबैलाई त्राही त्राही बनाउँदै चिच्याउँदै उफ्रेर हिँड्थ्यो। धारिलो पत्थरहरू लिएर आफ्नो शरीरमा कोर्दथ्यो। त्यसबेला तिनीहरूबाट निस्केको पीडाका आवाजहरूले तिनीहरूभित्र रहेको वेदना र छतपटलाई प्रतिबिम्बित गरेको थियो (मत्ती ८:२८,२९, मर्कूस ५:१-५)।

जब तिनीहरूले येशूसँग जम्का भेट भयो तब तिनीहरूको जीवन एकदम परिवर्तन भयो। अब तिनीहरूको स्थिति पहिलेको जस्तो कहिल्यै पनि हुनेभएको थिएन। तिनीहरूमा भएका दुष्ट आत्माहरूलाई येशूले निकाल्नुभएर सुँगुरका बथानमा पठाउनुभयो। तिनीहरू तितरबितर भएर समुद्रको चट्टानको टुप्पोमा गए र हाम्फाले अनि सामुहिकरूपमा आत्महत्या गरे (मत्ती ८:३२-३४, मर्कूस ५:१३,१४)।

**ती बहुलाहरूलाई के भयो र जब आफ्नो लगानी सखाप भएको सुनेर सहरका मानिसहरू रिसले चुरभएर हस्याङ्गफस्याङ्ग गर्दै के भयो भनेर हेर्न समुद्रको किनारमा आए तब तिनीहरूले के देखे? हेर्नुहोस् मत्ती ८:२८-३४ "२८ जब उहाँ पारिपट्टि गदरिनीहरूको मुलुकमा आउनुभयो, तब भूत लागेका दुई जना मानिसहरूले चिहानबाट आउँदैगर्दा उहाँलाई भेटे। तिनीहरू यति डरलाग्दा थिए, कि कोही पनि त्यहाँबाट आउन-जान सक्दैनथिए। २९**

तिनीहरूले यसो भन्दै चिच्च्याए, "हे परमेश्वरका पुत्र, तपाईंको हामीहरूसँग के सरोकार? हाम्रो समय नपुगी हामीहरूलाई कष्ट दिन तपाईं यहाँ आउनुभएको हो?" ३० तिनीहरूदेखि केही टाढ़ामा धेरै सुँगुरको एक बथान चरिरहेको थियो। ३१ भूतहरूले उहाँलाई यसो भनेर बिन्ती गरे, "यदि तपाईंले हामीलाई निकाल्नुहुन्छ भने, हामीलाई सुँगुरको बथानमा पठाइदिनुहोस्।" ३२ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "जाओ।" तब तिनीहरू निस्केर सुँगुरहरूमा पसे, र सुँगुरको जम्मै बथान हुर्रिंदै भीरबाट खसेर पानीमा डुबी मरे। ३३ सुँगुर चराउनेहरू भागे र सहरमा गएर सबै कुरा, र ती भूत लागेकाहरूलाई के भयो सो सुनाइदिए। ३४ तब जम्मै सहर नै येशूलाई भेट गर्न उल्टेर आयो, र उहाँलाई देखेर मानिसहरूले तिनीहरूको इलाकाबाट जानुहोस् भनी उहाँलाई बिन्ती गरे।"

दुष्ट आत्माले सताइएका मानिसहरू अब येशूको शक्तिले आमूल परिवर्तन भएर नयाँ मानिसहरू भएका थिए। तिनीहरू येशूको पाऊनिर बसिरहेको ती सहरका मानिसहरूले देखे र प्रभुको मुखारबाट निस्केका प्रत्येक वचन सुन्दै थिए। मत्तीको पुस्तकमा दुई जना दुष्टआत्माले सताइएकाहरू थिए भनेर उल्लेख गरिएको छ भने मर्कूसले केवल एक जनाको बारेमामात्र वर्णन गर्दछन्। तर के भन्न खोजिएको थियो भने येशूले तिनीहरूको शारीरिक, आत्मिक, मानसिक र भावानात्मक जीवनलाई परिवर्तन गरेर तिनीहरू कस्तो सामान्य मानिसहरू हुनुपर्थ्यो सो बनाइदिनुभएको थियो अर्थात तिनीहरूको जीवनलाई पुनर्स्थापना गर्नुभएको थियो।

यही कथालाई मर्कूसको दृष्टिकोणबाट हेर्नुहोस् र विशेष गरेर मर्कूस ५:१८-२०मा ध्यान दिनुहोस्। दुष्ट आत्माले सताइएको मानिस येशूको कदमले आमूल परिवर्तन भएको थियो। उहाँलाई विश्वास गर्न पुगेको मानिस येशूसँगै जान र बस्न अनुरोध गरेको थियो तर येशूले उसलाई के भनेर आफ्नो घर परिवार र गाउँमा फर्काउनुभयो? हेर्नुहोस्, "१ अनि उहाँहरू समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा आउनुभयो। २ येशू डुङ्गाबाट बाहिर निस्कने बित्तिकै चिहानबाट अशुद्ध आत्मा लागेको एक जना मानिसले उहाँलाई भेट्यो। ३ त्यो चिहानहरू हुँदो बस्दथ्यो। कसैले पनि त्यसलाई साङ्लाले समेत बाँध्न सक्दैनथ्यो। ४ किनकि त्यो धेरै पल्ट नेल र साङ्लाहरूले बाँधिएको थियो, र पनि त्यसले साङ्लाहरू टुक्रा-टुक्रा पारी छिनाल्थ्यो। कुनै मानिसले पनि

त्यसलाई वशमा पार्न सकेको थिएन। ५ त्यो रात र दिन सधैं चिहानहरू र डाँड़ाहरूमा कराउँदै आफूले आफैलाई ढुङ्गाले चिथोर्दै हिँड्थ्यो। ६ अनि जब त्यसले येशूलाई टाढ़ैबाट देख्यो तब दौड़ेर आयो, र उहाँलाई दण्डवत् गऱ्यो। ७ अनि ठूलो सोरले चिच्च्याएर त्यसले भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईंको मसँग के सरोकार? म परमेश्वरमा शपथ खाएर तपाईंलाई बिन्ती गर्दछु, कि मलाई दु:ख नदिनुहोस्।" ८ किनकि उहाँले त्यसलाई भन्नुभएको थियो, "ए अशुद्ध आत्मा, त्यस मानिसबाट निस्किआइज।" ९ अनि उहाँले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो?" त्यसले उहाँलाई भन्यो, "मेरो नाउँ त फौज हो, किनकि हामी धेरै छौं।" १० ती भूतात्माहरूलाई त्यस इलाकाबाहिर ननिकालिदिनुहोस् भनी त्यसले उहाँलाई आग्रहपूर्वक बिन्ती गऱ्यो। ११ त्यहाँ डाँड़ाको भीरतिर सुँगुरको एक ठूलो बगाल चरिरहेको थियो। १२ ती भूतात्माहरूले यसो भनी उहाँलाई बिन्ती गरे, "हामीलाई सुँगुरहरूकहाँ जान दिनुहोस्, र हामी तीभित्र पस्छौं।" १३ तब उहाँले तिनीहरूलाई अनुमति दिनुभयो, र अशुद्ध आत्माहरू बाहिर निस्केर सुँगुरहरूभित्र पसे, अनि दुई हजार सुँगुरको बगाल भीरबाट समुद्रतिर हुर्रिंदैगए, र ती समुद्रमा डुबेर मरे। १४ ती सुँगुर चराउनेहरू भागे, र सहर र गाउँ-गाउँमा खबर दिए। र के भएको हो सो हेर्न मानिसहरू त्यहाँ आए। १५ तब तिनीहरू येशूकहाँ आए, र देखे कि त्यो भूत लागेको मानिस ठीक मनको भएर लुगा लगाई बसिरहेको थियो। यो देखेर तिनीहरू डराए। १६ अनि जसले यो देखेका थिए, तिनीहरूले भूत लागेको मानिस र सुँगुरहरूलाई के भएको थियो सो बताइदिए। १७ अनि तिनीहरूको इलाकाबाट गइहाल्नुहोस् भनी मानिसहरूले येशूलाई बिन्ती गर्न लागे। १८ उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको मानिसले उहाँसँग रहनलाई बिन्ती गऱ्यो। १९ तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ।" २० अनि त्यो मानिस हिँड़िहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनुभएको थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरूले अचम्म माने।" (मर्कूस ५:१-२०)।

"ती मानिसहरूले येशूको मुखारबाट उहाँको शिक्षादीक्षा केवल केही क्षणहरूमात्र सुन्ने अवसर पाएका थिए। तिनीहरूका कानहरूमा उहाँको एउटा

प्रवचनपनि उहाँका ओठहरूबाट पस्न पाएका थिएनन्। दिनदिनै येशूसँग रहने चेलाहरूले जस्तै तिनीहरूले मानिसहरूलाई सुसमाचार सिकाउने ज्ञान, विधि वा तालिम तिनीहरूमा थिएन। तर तिनीहरूको आफ्नै जीवनले येशू ख्रीष्ट मसीह हुनुहुन्छ भनेर गवाही दिए। तिनीहरूलाई केवल के थाहा थियो र के देखे र के सुने त्यो मात्र बताउन सक्दथ्यो। तर तिनीहरूले येशूको शक्तिले गवाही दिन सक्नेभएको महसुस गरेका थिए। प्रत्येक हृदय जसलाई परमेश्वरको अनुग्रहले छोएको छ ती मानिसहरूले गरेको काम पनि त्यस मानिसले गर्न सक्दछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३४०बाट रूपान्तरित। जब येशू फेरि त्यही डेकापोलिस क्षेत्र वा गालिलको समुद्रको किनारमा रहेको दशवटा सहरहरूमा फर्कनुभयो तिनीहरूको गवाहीले उहाँको शिक्षालाई सुन्न तयार भएका थिए। यो व्यक्तिगत गवाहीको शक्ति थियो ("५३ समुद्र पार भएपछि उहाँहरू गनेसरेतको मुलुकमा आइपुग्नुभयो, र तिनीहरूले डुङ्गा किनारमा लगाए। ५४ जब उहाँहरू डुङ्गाबाट निस्कनुभयो तब उत्तिखेरै मानिसहरूले येशूलाई चिनिहाले, ५५ र छेउछाउका समस्त गाउँ हुँदो तिनीहरू दगुरिगए, र जहाँ येशू हुनुहुन्छ भनी सुने त्यहाँ बिरामीहरूलाई बिछ्याउनामा राखेर ल्याउन लागे। ५६ अनि गाउँहरूमा वा सहरहरूमा वा बस्तीहरूमा जहाँ-जहाँ उहाँ पस्नुभयो, मानिसहरूले रोगीहरूलाई बजार-बजारमा राखिदिए, र उहाँका वस्त्रको छेउ मात्र पनि छुन पाऔं भनी तिनीहरूले उहाँलाई बिन्ती गरे, र जतिले छोए तिनीहरू सबै निको भए।" (मर्कूस ६:५३-५६)।

## ४. आत्मविश्वासमा स्पष्ट र निश्चित भएर येशूको बारेमा गवाही दिनु

**देहायका पदहरूमा पवित्र धर्मशास्त्रले अनन्त जीवनको बारेमा के आश्वास्त दिएको छ जसले गर्दा येशू ख्रीष्टद्वारा नै मुक्ति पाउँछ भनेर हामी ठोकुवा गरे भन्न सक्छौं? हेर्नुहोस्, १ यूहन्ना ५:११-१३ "१० जसले परमेश्वरका पुत्रमा विश्वास गर्छ, त्यसको हृदयमा यस कुराको गवाही हुन्छ। परमेश्वरमा विश्वास नगर्नेले उहाँलाई झूटा तुल्याएको हुन्छ। किनकि परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको गवाहीमा त्यसले विश्वास गरेको हुँदैन। ११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३**

तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।", हिब्रू १०:१९-२५ "१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।" र १ कोरन्थी १५:१-११ "१ *भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचार म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरूले ग्रहण गर्‍यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ। २ यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ*। ३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। ६ त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। ७ त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। ८ सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो। ९ किनकि प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैनँ। किनभने मैले परमेश्वरको मण्डलीलाई खेदो गरें। १० तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन। बरु मैले त तिनीहरू सबैले भन्दा

**बढ़ी परिश्रम गरें। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो। ११ यसकारण मैले भए पनि अथवा तिनीहरूले भए पनि, हामी जो प्रचार गर्दछौं, सो तिमीहरूले विश्वास गरेका छौ।"**

यदि हामीमा नै येशूले दिनुहुने मुक्तिको विषयमा धलपल छौं वा व्यक्तिगतरूपमा स्पष्ट छैनौं र मुक्ति पाएका छौं कि छैनौं भन्ने कुरामा आश्वास्त छैन भने अरूलाई येशूको बारेमा सुनाउन सम्भव छैन। हामीसँग जे छैन त्यो अरूलाई बाँड्न सक्दैनौं। कतिपय इसाई भनाउँदाहरू छन् जो निरन्तररूपमा अनिश्चितको बादलमा परिरहेको हुन्छ र तिनीहरू आफूहरू पर्याप्त असल नभएकोले मुक्ति पाउँछन् कि पाउँदैनन् कुरामा शङ्का गरिरहेका हुन्छन्। यस मामिलामा बुद्धिमानी प्रचारकले एक फेरा भनेको थिए, "जब मैले आफूले आफैलाई हेर्छु तब म मुक्ति पाउँछु भन्ने कुरामा सम्भव देख्दिँन। तर जब म येशूलाई हेर्छु तब म मुक्ति पाउँदैन भन्ने कुरामा म सम्भव देख्दिँन।" परमेश्वरका वचनहरू युगौं युगदेखि यसरी घन्किरहेको छ "हे संसारका कुनाकाप्चामा रहेका तिमी मानिसहरू हो, मलाई हेर र उद्धार पाऊ। म परमप्रभु परमेश्वर हुँ मबाहेक अरू कोही छैन" (यशैया ४५:२२ रूपान्तरित)।

हामी प्रत्येक उहाँले सित्तैंमा उपलब्ध गराउनुभएको मुक्तिमा आनन्दित हुन हाम्रो प्रभु चाहनुहुन्छ। उहाँको अनुग्रहद्वारा निर्दोषी ठहरिनु भनेको केहो सो हामीले अनुभव गरेको उहाँ चाहनुहुन्छ। हाम्रो विवेकले हामीले गरेका पापहरूप्रति दोष देखाइरहने प्रवृत्तिबाट हामी स्वतन्त्र हौऔं भन्ने उहाँको इच्छा हो। पावलले रोमी ५मा यसरी जिकिर गर्दछन् "त्यसकारण अब विश्वासबाट हामी निर्दोष ठहरिएको हुनाले येशू ख्रीष्ट हाम्रो प्रभुद्वारा परमेश्वरसँग हामी शान्तिमा रहन सक्छौं" (रोमी ५:१ रूपान्तरित)। हामीले पाउने मुक्ति वा पापबाट मुक्ति हुने कुरामा विश्वस्त देखाउँदै उनले यो थप्दछन् "जो मानिसहरू येशू ख्रीष्टमा छन् अब तिनीहरू दोषमुक्त भइसकेका छन्" (रोमी ८:१ रूपान्तरित)। यसमा प्रेरित यूहन्नाले यसरी अनुमोदन गर्दछन् "जोसँग पुत्र छ त्योसँग जीवन छ, जोसँग पुत्र छैन त्योसँग जीवन छैन" (१ यूहन्ना ५:१२ रूपान्तरित)।

यदि विश्वासद्वारा येशूलाई हामीले ग्रहण गर्‍यौं भने र उहाँको पवित्र आत्माद्वारा उहाँ हामीमा रहनुहुन्छ भने अनन्त जीवनको उपहार अहिले नै हाम्रो निम्ति हो (मरेपछिमात्र पाउने मुक्ति के काम?)। यसको अर्थ यो पनि होइन

कि एकफेरा हामीले एक फेरा परमेश्वरको अनुग्रह र ख्रीष्टबाट पायौं भने त्यसलाई गुमाउन सक्दैनौं (२ पत्रुस २:१८-२२, हिब्रू ३:६, प्रकाश ३:५)। परमेश्वरबाट अलग भएर बस्ने आत्मनिर्णयको अधिकार हाम्रो सामु सधैं छ। तर एक फेरा हामीले उहाँको प्रेमको अनुभव गर्न सक्यौं र उहाँको बलिदानको गहिऱ्याइ बुझ्न सक्यौं भने हामीलाई अति नै प्रेम गर्नुहुनेबाट हामी कहिल्यै पनि फर्केर जाने निर्णय गर्नुहुँदैन। दिनदिनै कसै न कसैलाई हामीले पाएको येशूमा भएको अनुग्रह बाँड्ने अवसर खोजिरहनुपर्छ।

**येशूमा मुक्ति पाइन्छ भन्ने कुरामा के तपाईं आफै आश्वस्त हुनुहुन्छ? यदि छ भने कुन आधारमा तपाईं आश्वस्त हुनुभएको छ? त्यो निश्चयता तपाईंमा किन छ? तपाईंले कहाँ पाउनुभएको छ? यदि तपाईं निश्चित हुनुहुन्न भने किन निश्चित हुनुभएको छैन? येशूमामात्र मुक्ति पाइन्छ भन्ने ठोकुवा तपाईंले कहाँबाट पाउनुहुन्छ?**

## ५. गवाही दिने लायकको कुनै कुरा

**"म ख्रीष्टसँग क्रुसमा टाँगिएको छुः तैपनि म जिउँछु, यद्यपि म होइन ख्रीष्ट ममा रहनुहुन्छ र जुन भौतिक शरीरमा म छु त्यो परमेश्वरको पुत्रमाथिको विश्वासद्वारा म बाँचिरहेको छु, जसले मलाई प्रेम गर्नुभयो र मेरो लागि आफूलाई नै सुम्पनुभयो" (गलाती २:२० रूपान्तरित)।**

येशूलाई ग्रहण गर्दा केही न केही हामीले त्याग गर्नुपर्छ। कतिपय कुराहरू उहाँलाई सुम्पन उहाँले हामीलाई भन्नुहुन्छ। जसले उहाँलाई पछ्याउँछ उसबाट के सुम्पेको उहाँले अपेक्षा गर्नुभएको छ भनेर आफ्नो स्पष्ट धारणा यसरी राख्नुहुन्छ "यदि कोही मानिस मेरो पछि लाग्छ भने उसले आफूले आफैलाई त्यागोस र उसको आफ्नो क्रुस दिनदिनै बोकोस् र मलाई पछ्याओस्" (लूका ९:२३ रूपान्तरित)। क्रुसमा मर्नु भनेको पीडादायी मृत्यु हो। जब येशूले दावी गर्नुभएको अनुसार हाम्रो जीवनहरू उहाँमा समर्पण गर्छौं तब हाम्रो "पुरानो पापको वा पापलाई मनपराउने मानिस" क्रुसमा टाँगिएको हुन्छ। यो त पीडादायी हुन्छ नै ("हामीलाई यो थाहा छ, पापले राज्य गरेको जीवन नाश होस् र हामी पापको कैदी भइरहनुनपरोस् भनेर हाम्रो पुरानो जीवन ख्रीष्टसँगै क्रूसमा मारिएको छ" रोमी ६:६)। हाम्रो जीवनभरि मन पराएका

बानीहरू र मनमर्ने चाहनाहरू छोड्न कतिपय समयमा कष्टकर हुन्छ। तर त्यसबाट पाउने इनाम कष्टको तुलनामा धेरै ठूलो हुन्छ।

तर यो याद गर्नुहोस्, जब हामी प्रभावकारी गवाही दिन्छौं त्यसबेला हामीले के छोड्यौं होइन तर येशूले हामीलाई के गर्नुभयो सो बताउँछौं जसले गर्दा अरूको जीवन परिवर्तन गर्ने प्रभाव हुन्छ। हाम्रो त्यागमा होइन तर उहाँको त्यागमा हामी केन्द्रित हुनुपर्छ। हाम्रो उच्चतम हितको निम्ति जे छ त्यसलाई त्याग्न येशूले कहिल्यै पनि आदेश दिनुभएको छैन।

यद्यपि, इसाई इतिहास ती मानिसहरूको अत्यन्तै महान् त्यागका कथाहरूले भरिएका छन्। ती त्यागहरू गर्दा तिनीहरूले मुक्ति पाउन होइन, किनभने तिनीहरूको जुनसुकै काम होस, निश्वार्थी र त्याग होस्, त्यसले परमेश्वरको सामु हामी धर्मी ठहरिन्दैनौं। बरू प्रायजसो ती त्यागहरूको मामिलामा तिनीहरूको निम्ति येशूले के गर्नुभयो सोप्रति आभारित भएर पुरुष र स्त्रीहरू बलिदानको बेदीमा आफूसँग भएको सबै चढाउँछन्। परमेश्वरले तिनीहरूलाई बोलाउनुभएको आधारमा आफूहरूको जीवन उहाँलाई सुम्पन्छन्। हाम्रो गवाही जहिले पनि येशू ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यसमा आधारित हुनुपर्छ भनेर देहायका केही पदहरूले बताउँछन्। ती पदहरूमा उल्लेख गरेको अनुसार उहाँको अनुग्रहका केही बरदान वा उपहारहरूको सूची बनाउनुहोस्। हेर्नुहोस्, यूहन्ना १:१२ “तर जतिले उहाँलाई ग्रहण गरे र उहाँमाथि विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने हक दिनुभयो।", यूहन्ना १०:१० “चोर त चोर्न, मार्न र नाश गर्नलाई मात्र आउँछ। तर मचाहिँ तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भनेर आएको हुँ।", यूहन्ना १४:२७ “म तिमीहरूलाई शान्ति दिएर जान्छु। मेरो आफ्नै शान्ति म तिमीहरूलाई दिन्छु र यो संसारले दिनेजस्तो शान्ति होइन। आफ्नो मनलाई विचलित हुन नदेओ र नडराओ।" र १ कोरन्थी १:३० “उहाँले तिमीहरूलाई येशू ख्रीष्टसँगै एक बनाउनुभएको छ। उहाँकै कामले ख्रीष्ट हाम्रो ज्ञान हुनुभएको छ। हामी ख्रीष्टद्वारा परमेश्वरको अघि ठीक ठहरिन्छौं। हामी परमेश्वरका पवित्र र छुटकारा पाएका जन बन्दछौं।"

माथि उल्लेखित पदहरूको अनुसार येशू ख्रीष्टले तपाईंलाई के गर्नुभयो सो सोच्नुहोस्। तपाईं जीन्दगीभर समर्पित इसाई हुनुभएको होला वा तपाईं कुनै नाटकिय ढङ्गले येशूमा आउनुभएको अनुभव गर्नुभएको होला। येशू तपाईंको

निम्ति कति असल हुनुभएको थियो र तपाईंको लक्ष्य वा अर्थमूलक जीवन बिताउन, तपाईंलाई शान्ति र सुःख दिन उहाँले के गर्नुभयो सो को बारेमा ध्यान गर्नुहोस्। तपाईंको जीवनको कठिन परिस्थितिमा उहाँले दिनुभएको बलको बारेमा सोच्नुहोस्।

**खीष्टको निम्ति कस्तो खालको त्याग तपाईंबाट अपेक्षा गरिएको छ? त्यसबाट तपाईंले के सिक्नुभयो जसले गर्दा अरुलाई आशिषमय होस्?**

## उपसंहारः

**थप जानकारीः** मर्कूस ५:२१-४३ पढ्नुहोस् “२१ येशू फेरि तालको वारिपट्टि फर्कनुभयो। वारिपट्टिको किनारमा उहाँको वरिपरि मानिसको ठूलो घुइँचो लाग्यो। २२ सभाघरका अगुवाहरूमध्ये याइरस नाउँका एक जना येशूकहाँ आए। येशूलाई देख्ने बित्तिकै उनले येशूको पाउमा परेर बिन्ती गर्न लागे, २३ "मेरी सानी छोरी सिकिस्त बिरामी छ, हजुर आएर उसलाई छोइदिनुभयो भने ऊ निको भएर बाँच्नेथिई।" येशू याइरससँग जानुभयो। थुप्रै मानिसहरू उहाँको पछिपछि लागे र चारैतिर घुइँचो भयो। २५ त्यस घुइँचोमा बाह्र वर्षदेखि रगत बग्ने ब्यथाले दुःख पाएकी एउटी स्त्री पनि थिइन्। २६ उनले कैयौं बैद्य लगाएर पनि निको हुन सकेकी थिइनन्। भएभरको धन-सम्पत्ति यसैका लागि खर्च गरिसकेकी थिइन्, तर निको हुनुको सट्टामा झन्झन् व्यथाले उनलाई चाप्दै थियो। २७ उनले येशूको बारेमा अरू मानिसहरूबाट सुनेकी थिइन्। यसैकारण घुइँचोमा पसेर उनले पछिल्तिरबाट येशूको लुगा छोइन् २८ किनभने "उहाँको लुगा मात्र छुन पाएँ भने पनि म निको हुनेथिएँ," भन्ने उनको मनमा लागेको थियो। २९ येशूको लुगा छुनेबित्तिकै रगत बग्ने व्यथा निको भएर रगत थामिएको उनी आफैंले थाहा पाइन्। ३० येशूले आफूबाट शक्ति निस्केर गएको थाहा पाइहाल्नुभयो अनि उहाँले फनक्क फर्केर मानिसहरूलाई सोध्नुभयो, "कसले मेरो लुगा छोयो हँ? " ३१ उहाँका चेलाहरूले जवाफ दिएर भने, "हेर्नुहोस्! यत्रो मानिसको घुइँचोमा तपाईं कसले छोयो भनेर कसरी सोध्न सक्नुहुन्छ? " ३२ तर येशूले आफूलाई कसले छोयो भनेर यताउता हेर्नुभयो। ३३ स्त्रीलाई आफूमा घटेको कुरा थाहा भएकोले उनी काम्दै येशूको पाउमा परिन् र सबै कुरा बताइदिइन्। ३४ अनि येशूले उनलाई भन्नुभयो, "छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ। अब तिम्रो कष्ट छुटोस् र तिमी

शान्तिसँग जाऊ।" ३५ येशूले यसो भन्दाभन्दै याइरसका घरबाट मानिसहरू आए। तिनीहरूले याइरसलाई भने, "हजुरकी छोरी त मरिसकी। अब गुरुलाई व्यर्थै किन दुःख दिने? " ३६ तर येशूले तिनीहरूका कुरालाई वास्ता नगरी याइरसलाई भन्नुभयो, "नडराऊ, विश्वास मात्र गर।" ३७ उहाँले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथमा जान दिनुभएन। ३८ उहाँहरू सभाघरको अगुवाको घरमा आइपुग्दा त रुवाबासी र विलापको खैलाबैला मच्चिरहेको थियो। ३९ येशूले भित्र पसेर तिनीहरूलाई भन्नुभयो, "किन यस्तो रुवाबासी र खैलाबैला गरेको? यो नानी त निदाएकी मात्र छ, मरेकी छैन।" ४० यो कुरा सुनेर तिनीहरूले उहाँको हाँसो गरे। तर उहाँले सबैलाई बाहिर पठाउनुभयो अनि केटीको बुबा, आमा र आफ्ना तीन जना चेलाहरूलाई लिएर भित्र केटी भएको कोठामा जानुभयो। ४१ उहाँले केटीको हात समातेर भन्नुभयो, "तालिता कूमी! " यसको अर्थ हो "ए नानी, म भन्छु, उठ! " ४२ तब केटी जुरुक्क उठी अनि यताउता हिंडुल गर्न थाली। यो देखेर तिनीहरू छक्कै परे। ऊ बाह्र वर्षकी थिई। ४३ त्यसपछि येशूले तिनीहरूलाई "यो कुरा कसैलाई पनि नभन्नू" भनेर कडा आज्ञा दिनुभयो अनि "नानीलाई केही खानेकुरा दिनू" भनी अह्राउनुभयो।"

"अचम्म मानेको भिड येशूलाई च्याप्दै अघि बढिरहेको थियो। तर त्यस भिडले येशूमा रहेको जीवन दिने शक्तिको स्पर्श वा प्रभाव पाएको थिएन। तर जब बाऱ्ह वर्षसम्म रगत बग्ने व्यथाले कष्ट पाइरहेकी स्त्रीले विश्वासद्वारा येशूले निको पार्नुहुन्छ भनेर हात पसारेर केवल उहाँको पछ्यौराको टुप्पीमात्र छोएकी थिइन् तब उनले आफू निको भएको अनुभव गरिन्। आत्मिक कुराहरूमा पनि यही नीति लागु हुन्छ। धर्मको बारेमा कहिलेकाहीं वा हल्का तरिकाले कुरा गर्दा, जीवित विश्वासबिना परमेश्वरको आत्मज्ञानको निम्ति नभोकाएको हृदयले प्रार्थना गर्दा त्यसको नतिजा केही पनि आउँदैन। अरूले विश्वास गऱ्यो भन्दैमा देखावटीरुपमा येशूलाई विश्वास गर्ने र उहाँ संसारको उद्धारकर्ता हुनुहुन्छ भनेर केवल हल्कारुपमा विश्वास गर्दा त्यस मानिसमा भएको आत्मिक रोग निको हुँदैन वा उसको भोको तृप्त हुँदैन। केवल बुद्धिजीविहरूको माझमा रहेर बौद्धिक क्षमता देखाएर मुक्ति पाउन खोज्दा सत्यतिर उसलाई लम्काउँदैन। उहाँको *बारेमा* विश्वास गरेर पुग्दैन तर *उहाँमा नै* विश्वास गर्नुपर्छ। जब उहाँ हाम्रो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर

विश्वासद्वारा आत्मसात् गर्दछौं र उहाँलाई पकडि राख्छौं र उहाँले उपलब्ध गराउनुभएका गुणहरू हाम्रो जीवनमा ग्रहण गर्छौं तबमात्र हामीले उहाँप्रति गरेको विश्वासको फाइदा उठाउन सक्छौं।...

"उहाँ कतिको विश्वस्त हुनुहुन्छ भनेर जब हामी मानिसहरूको सामु स्वीकार्दछौं तब यस संसारमा येशू ख्रीष्टलाई प्रकट गर्ने स्वर्गले नियुक्त गरिएको नीकायमा सहभागी हुन्छौं। पौराणिक समयमा पवित्र मानिसहरूद्वारा देखाइएको उहाँको अनुग्रहलाई स्वीकार्नुपर्दछ तर उहाँको अनुग्रहको सबभन्दा प्रभावकारी गवाही भनेकै हाम्रो व्यक्तिगत अनुभव हो। जब परमेश्वरको शक्तिले हाम्रो जीवनमा काम गरिरहेको अरूलाई देखाउन सक्छौं तब हामी परमेश्वरको निम्ति गवाही हुन्छौं। प्रत्येक व्यक्तिको आआफ्नै जीवन छ जुन एकसँग अर्को फरक हुन्छ। प्रत्येकले गरिने अनुभव अर्को जस्तो हुँदैन। हाम्रो व्यक्तित्वको व्यक्तिगत तवरले उहाँप्रतिको हाम्रो स्तुति र प्रशंसा उहाँतिर उचालिउन् भन्ने परमेश्वरको चाहना हो। जब विश्वासीको जीवन येशूको जस्तै भएर चल्दछ तब उहाँको अनुग्रहको महिमालाई अमूल्यरुपमा स्वीकार्दछौं र उहाँको अनुग्रहको स्तुतिप्रशंसा चढाउन सक्षम् हुन्छौं। उहाँलाई महिमा गर्ने यस्तो खालको बानी भएका विश्वासीहरूको गवाही अरूको मुक्तिको निम्ति कामगर्न कसैले पनि रोक्न नसकिने शक्ति हुन जान्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ३४७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **अरूले सुन्नै चाहने गवाहीमा के के कुराहरू समावेश हुनुपर्छ? हेर्नुहोस्, प्रेरित २६:१-२३मा राजा अग्रिपाको सामु पावलले दिएका गवाही। उनको गवाहीको आधार वा जग के थियो? "१ त्यसपछि अग्रिपासले पावललाई भने, "अब तिमीलाई आफ्नो पक्षमा बोल्ने अनुमति छ।" पावलले पनि हात फैलाएर आफ्नो बचाउमा यसरी बोल्न थाले। २ "हे राजा अग्रिपास, यहूदीहरूले मलाई दोष लगाएको कुराको बारेमा मैले आज आफ्नो कुरा हजुरकै अगाडि भन्न पाएकोमा म आफूलाई भाग्यमानी सम्झन्छु। ३ हजुरलाई यहूदीहरूको चालचलन, रीतिरिवाज र तर्कवितर्क गर्ने कुराको बारेमा राम्ररी थाहा भएको हुनाले म आफूलाई झन् भाग्यमानी ठान्दछु। त्यसो हुँदा अब**

हजुरसँग बिन्ती चढाउँछु, मेरो कुरा धीरज राखेर सुनिदिनुहोला। ४
"म आफ्नो देशमा अनि यरूशलेम सहरमा यहूदी जातिको बीचमा नै
हुर्किएँ। त्यसो हुँदा यहूदीहरूले मलाई बालककालदेखि नै राम्ररी
चिन्दछन्। ५ पहिले म फरिसी भन्ने कट्टर धार्मिक समूहको मानिस
थिएँ, त्यही कट्टर धर्मको जीवन बिताउँथें। यदि तिनीहरूले चाहे भने
यो कुरा आफैंले पनि भन्न सक्छन्। ६ परमेश्वरले हाम्रा पिता-
पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञामा नै भरोसा राखेकोले मैले आज यसरी
हजुरहरूको सामुन्ने उभिनुपरेको छ। ७ हे राजा अग्रिपास, त्यही
प्रतिज्ञा पाउने आशामा हाम्रा बाह्र कुलहरूले पनि दिनरात एक चित्तले
परमेश्वरलाई पूजा र भक्ति चढाइरहेका हुन्। मैले पनि त्यही आशा
राखेकोले यहूदीहरूले मलाई दोष लगाएका हुन्। ८ परमेश्वरले
मरेकाहरूलाई बिउँताउनुहुन्छ भन्ने कुरामा तपाईंहरू किन विश्वास
गर्न सक्नुहुन्न? ९ हुन त, मैले पनि सकेसम्म नासरतको येशूको विरोध
गर्नुपर्छ भन्ने सम्झेको थिएँ। १० यरूशलेममा त्यस्तै विरोध गरें।
मैले मुख्य पूजाहारीहरूबाट अधिकार पाएर प्रभु येशूमा विश्वास गर्ने
धेरै पवित्र जनहरूलाई थुनाएँ र उनीहरूलाई मार्ने काममा समेत
सहायता गरें। ११ धेरैपल्ट मैले उनीहरूलाई "अबदेखि नासरतको
येशूमा विश्वास गर्दिनँ" भन्ने पार्नलाई सभाघरहरूमा जबरदस्ती गरेर
सजाय दिन लगाएँ। म उनीहरूदेखि रिसले यति साह्रो आगो भएको
थिएँ कि अरू देशका सहरहरूमा पनि गएर मैले उनीहरूलाई सताउन
थालें। १२ यसरी एक दिन मुख्य पूजाहारीहरूको अधिकार र आज्ञा
पाएर म दमस्कस सहरतिर जाँदै थिएँ। १३ हे राजा, त्यस दिन
दिउँसो बाटोमा जाँदैगर्दा घामको उज्यालोभन्दा पनि चहकिलो उज्यालो
म र मेरा साथीहरूमाथि पर्‍यो र हामी सबै जमिनमा पछारियौं। १४
त्यति नै खेर हिब्रू भाषामा मैले यसो भनेको सुनें, "शाऊल, ए शाऊल,
तिमी मलाई किन सताउँछौ? तीखो सुइरोमा लातले हानेजस्तै तिमीले
आफैंलाई चोट पुर्‍याउँछौ।" १५ "प्रभु, तपाईं को हुनुहुन्छ?" मैले
सोधें। अनि प्रभुले फेरि भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी
सताउँदैछौ। १६ अब उठ, म तिमीलाई मेरो सेवक र मेरो गवाही
दिने मानिस बनाउन चाहन्छु। यसैले म तिमीकहाँ देखा परेको हुँ।

तिमीले मेरो बारे देखेका कुरा र मैले तिमीलाई पछि देखाउने
कुराहरूसमेत अरू मानिसहरूलाई सुनाउनुपर्छ। १७ म तिमीलाई
यहूदीहरू र अन्य-जातिहरूकहाँ पठाउँदै छु। तिमीलाई तिनीहरूबाट
जोगाउनेछु। १८ तिमीले तिनीहरूका आँखा खोलिदिएर तिनीहरूलाई
अँध्यारोबाट उज्यालोमा र शैतानको शक्तिदेखि परमेश्वरतर्फ
फर्काउनुपर्छ र तिनीहरूले ममाथि विश्वास गर्छन् अनि तिनीहरूको
पाप मेटिनेछ र तिनीहरूले परमेश्वरका चुनिएका जनहरूको संगतिमा
बस्न पाउनेछन्।" १९ हे राजा अग्रिपास, स्वर्गबाट देखेको यो
दर्शनलाई मैले नटेरीकन बस्न सकिनँ। २० पहिले दमस्कस र
यरूशलेममा अनि पूरै यहूदिया देशमा र अरू जातिको देशहरूमा पनि
गएर मैले मानिसहरूलाई आ-आफ्ना पापलाई मानिलिएर परमेश्वरकहाँ
फर्कनू भन्ने प्रचार गरें। परमेश्वरकहाँ फर्केको हुँ भन्ने प्रमाण
आफूले गरेको कामबाट देखाउनुपर्छ भन्दै सिकाएँ। २१ यसैले गर्दा
यहूदीहरूले मलाई मन्दिरमा पक्रेर मार्न खोजे। २२ तर आजको
दिनसम्म मैले परमेश्वरबाट नै सहायता पाइरहेको छु। त्यसैकारण म
यहाँ हुनेहरू ठूला-साना सबैलाई गवाही दिँदै उभिएको छु।
अगमवक्ताहरू र मोशाले समेत पछि हुन आउनेछन् भनेका
कुराहरूबाहेक मैले अरू बढी कुरा केही पनि भनेको छैनँ। २३
मुक्ति दिनुहुने राजा ख्रीष्टले दुःख भोगेर मर्नुपर्नेछ, उहाँ मरेकोबाट
बिउँतनेहरूमा सबैभन्दा पहिला हुनुहुनेछ र उहाँले आफ्नो उज्यालो
यहूदीहरूमा पनि र अरू जातिका मानिसहरूमा पनि फैलाउनुहुनेछ, यी
कुरा त अगमवक्ताहरूले भनिसकेका थिए।" २४ पावलले भनेको यी
कुरा सुनेर फेस्तसले कराएर भने, "पावल तिमी बौलाएछौ, तिम्रो ज्ञानले
तिमीलाई बौलाहा बनायो।" २५ पावलले भने, "माननीय फेस्तस, म
बौलाएको होइनँ, म सद्धे छु र सत्य कुराहरू गर्दै छु। २६ राजा
अग्रिपासलाई यी सबै कुरा थाहा छ, उहाँलाई म यी कुराहरू साहससँग
भन्न सक्छु। उहाँले अवश्य यी कुराहरूमा राम्ररी ध्यान दिनुभएको
छ किनभने यी कुराहरू एक कुनामा घटेका होइनन्। २७ हे राजा
अग्रिपास, के हजुरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ? हो, हजुरले
विश्वास गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ।" २८ त्यत्तिकैमा

अग्रिपासले पावललाई भने, "यति थोरै कुरोले के तिमी मलाई ख्रीष्टियान बनाउने कोसिस गर्छौ? २९ पावलले भने, "थोरै कुराले होस् या धेरैले" यी मेरा हातमा लगाइएका साङ्लाहरू बाहेक हजुर मात्रै होइन, तर हजुरहरू सबै मजस्तै भइदिए हुन्थ्यो। यही म परमेश्वरसँग प्रार्थना गर्छु।" ३० त्यतिखेर राजा अग्रिपास, बडा-हाकिम फेस्तस, बरनिकी र तिनीहरूसँग आएका सबै मानिसहरूसमेत जऱ्याक-जुरुक उठे ३१ र बाहिर जाँदा आपसमा यसो भनेर कुरा गरे, "यस मानिसले थुनिनुपर्ने वा ज्यानसजाय पाउनुपर्ने कुनै काम गरेको त रहेनछ।" ३२ अग्रिपासले फेस्तसलाई भने, "यस मानिसले रोमी महाराजाकहाँ बिन्ती चढाउन नमागेको भए त छोडिदिए पनि हुन्थ्यो नि!"

आ. हाम्रो जीवनमा ख्रीष्टले के गर्नुभयो सो बताउने व्यक्तिगत गवाही किन अत्यन्तै साहसिलो र प्रभावकारी हुनसक्छ? कसरी वा कुन तरिकाले देहायकका प्रश्नहरूको जवाफ तपाईंले दिन सक्नुहुन्छ?: यो त तपाईंलाई पो भयो, त्यस्तो खालको अनुभव मसँग छैन भने के गर्ने त? तपाईंको अनुभवको आधारमा येशूलाई मैले पछ्याउनुपर्छ भन्ने के छ र?

इ. जब तपाईंले आफ्नो गवाही येशूलाई विश्वास नगर्नेहरूलाई दिनुहुन्छ तब त्यसमा के के कुराहरू समावेश हुनुहुन्दैन?

ई. येशूमा पाउने मुक्तिको ठोकुवाप्रति सोच्नुहोस्। यदि कोही इसाई हुन चाहन्छ भने यो अनुभव किन महत्त्वपूर्ण हुनुपर्छ? हामीले मुक्ति पाउने सम्भावना छ भन्ने कुरामा अनिश्चित नभइकन येशूमा हामीले मुक्ति पाएका छौं भनेर हामी कसरी विश्वस्त हुने?

## कथा ११
## मृत महिला कुरा गर्छिन्

- आन्ड्र्यु मेकचेस्नी



२८ वर्षीय एडभेन्टिस्ट डाक्टर टोमास्ज कारोउदालाई जीवित महिलालाई मृत घोषणा गर्न मृत्युको सिफारिसपत्रमा हस्ताक्षर गर्न अनुरोध गरियो।

एउटी नर्सले एक स्त्रीलाई अस्पतालको इमरजेन्सी कोठामा सास फेर्ने उपकरण भएको कक्षमा ह्विलचेयरबाट ल्याएकी थिइन्। त्यस अस्पतालमा टोमास्ज भर्खर डाक्टरको पढाइ सिद्ध्याएर काम गर्दै थिए।

अनुहार हेर्दा ती महिला मरिसकेकी जस्ती देखिन्थिन्। उनलाई फोक्सोको क्यान्सर भएको थियो। उनले धेरै वर्षसम्म चुरोट सेवन गरेकी थिइन्। उनी मुर्दाजस्तै भएकी थिइन्। उनको कम्मरमा रगत जमेको थियो। उनी भित्रको सानो नशाबाट ठूलो नशामा अक्सिजन भएको रगत छिटो छिटो बगिरहेको कारणले उनको छाला पहेँलो भएको थियो। उनको बाँच्ने सम्भावना नै थिएन।

"यस्तो त मैले पहिले कहिल्यै पनि देखेको छैन। उनी मरिसकेकी थिइन् तैपनि ह्विलचेयरमा बसेर उनी कुराकानी गरिरहेकी थिइन्" छक्क पर्दै त्यसबेलाको क्षण टोमास्जले यी लेखकलाई सुनाए।

अत्यन्तै भिडभएको सघन अर्थात् इन्टेन्सिभ क]यर कोठामा भर्ना गरिएको थियो। उनलाई केही गर्न नसकिने देखेर उनको डाक्टरले उनलाई बाहिर निकाल्न भनेका थिए ताकि अर्को बिरामीलाई बेड उपलब्ध हुनसकोस्। सास फेर्ने भेन्टिलेटर भएको कोठामा ती महिलालाई राख्न सकिन्छ कि भनेर नर्सले टोमास्जलाई सोधेकी थिइन्।

तर अक्सिजन उपकरण भएको कोठामा बेड खालि थिएन, त्यसकारण टोमास्जले अस्थायी पाङ्ग्रा भएको बेड अस्पतालको एउटा कुनामा राखेर उनलाई बिस्तारै सुताए। आफ्नो मेच उनको सामु ल्याएर डाक्टरले उनीसँग दुई घन्टा कुरा गरे।

आफू मरिरहेको कुरा ती महिलालाई थाहा थियो। आफ्नो जीवन बरबाद पारेकोमा आफूलाई ठूलो पश्चाताप भएको कुरा उनले सुनाएकी थिइन्। "मैले मेरो जिन्दगी धेरै चुरोट सेवन गरेर बिताएँ। यदि मैले फेरि पछाडि फर्केर जीवन जिउन पाएको भएँ म अर्कै भएर मरिदिन्थें" भनेर उनले गुनासो गरिन्।

टोमास्ज के गर्ने के नगर्ने दोधारमा परे ।उनलाई क्रुसमा टाँगिएको अपराधीको याद आयो। उनले ती महिलाको हात समाते।

आखिरमा ती महिलाले अन्तिम सास फेरिन्। टोमास्जले उनी मरिसकिन् भनेर सिफारिसपत्रमा हस्ताक्षर गरे। "इसाई डाक्टर हुनु भनेको ठूलो जिम्मेवारी वोक्नु हो। हाम्रो शिक्षण अस्पतालमा यस्तो परिस्थितिलाई कसरी सामना गर्ने भनेर हामीलाई कसैले पनि सिकाएनन्" टोमास्ज सुनाउँछन्।

कसैको हात समातेर आशा देखाउनु पनि धेरै ठूलो कुरो रहेछ भन्ने टोमास्जले थाहा पाएका थिए। मर्ने मानिस मर्दैछ भनेर थाहा पाएपनि "सबै कुरा ठीक हुनेछ" भनेर आश्वासन दिनु विरामीका लागि धेरै ठूलो कुरा हो भनेर उनी भन्छन्।

"कहिलेकाहीँ केही नभन्नु नै बेस हुन्छ। कहिलेकाहीँ मर्न लागेको मानिसको हात समातेर मनमनै प्रार्थना गरिदिनु वाहेक अरू केही गर्न सकिँदैन" उनले भने।

यो संसार पापले गर्दा मरिरहेको छ। कतिपय समयमा कठोर परिस्थिति आउँछ जसलाई बदल्न सकिदैन। के तपाईंले कसैको हात समात्नु भएको छ? के तपाईंले मनमनै भएपनि प्रार्थना गर्नुभएको छ? के तपाईं कसैको कठिन परिस्थितिमा पनि आशा देखाउन सक्नुहुन्छ ?